# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७३।०२।०७ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप पत्र दायर गरिएको।**

---------------------------------------

सिंहदरबार हाता भित्र रहेको शिक्षा तथा खेलकुद मन्त्रालय र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको भवन निर्माणमा सिंहदरबार सचिवालय पुन:निर्माण समितीले अनियमितता गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा अनुसन्धान तथा तहकिकातबाट संकलित मिसिल संलग्न आधार ,कारण र प्रमाणहरुबाट सिंहदरबार सचिवालय पुन:निर्माण समितीका तत्कालिन सदस्य सचिव मनिप्रसाद राई,तत्कालिन उपसचिव (लेखा) रामबहादुर के.सी. र तत्कालिन ईन्जिनियर जगत बहादुर रानाभाटले संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको भवन निर्माणमा कुनै पनि बढि रकम भुक्तानी नगरेतापनि शिक्षा तथा खेलकुद मन्त्रालयको भवन निर्माण कार्यमा मात्र मूल्य समायोजनको सुत्रमा गलत Index प्रयोग गरेको ,कार्यालयको निर्णय कार्यान्वयन गरी ठेकेदारलाई अघिल्ला Running Bill हरुमा बढी भुक्तानी गरिएको रकम पछिल्लो Running bill हरु भुक्तानी गर्दा सच्याउनु पर्नेमा सो नगरेको, म.ले.प.को प्रतिबेदनमा उल्लेख गरिएको बेरुजुलाई स्वीकार गरेर तिरिसकेपछी पनि बेरुजुमा उठान गरिएका विषयहरुमा भएको गल्ती पुन: पटकपटक दोहोर्याई ठेकेदार कम्पनी Gorkha Construction Company-Chakreswori JV का आधिकारीक प्रतिनिधी विजयबाबु मल्लको आपसी सरसल्लाह र मिलोमतोमा आफुहरुलाई गैरकानुनी लाभ पुर्याउने र नेपाल सरकारलाई गैरकानुनी हानी पुर्याउने बदनियतका साथ उक्त शिक्षा तथा खेलकुद मन्त्रालयको भवन निर्माणमा संलग्न ठेकेदार कम्पनी Gorkha Construction Company-Chakreswori JV लाई मुल्य समायोजन बापत रु. ६८,७७,२५०।०४ (अठसठ्ठी लाख सतहत्तर हजार दुई सय पचास रुपैयाँ चार पैसा) बढी भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुर गरेको पुष्टी हुन आएको हुँदा निजहरु तत्कालिन सदस्य सचिव मनिप्रसाद राई ,तत्कालिन उपसचिव(लेखा) रामबहादुर के.सी.,तत्कालिन ईन्जिनियर जगत बहादुर रानाभाट उपर जनही बिगो रु. ६८,७७,२५०।०४ (अठसठ्ठी लाख सतहत्तर हजार

दुई सय पचास रुपैँया चार पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) बमोजिम र ठेकेदार कम्पनी Gorkha Construction Company-Chakreswori JV का आधिकारीक प्रतिनिधी विजयबाबु मल्लले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको पुष्टी हुन आएको हुँदा निज उपर बिगो रु. ६८,७७,२५०।०४ (अठसठ्ठी लाख सतहत्तर हजार दुई सय पचास रुपैँया चार पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरको मात्रा अनुसार कैद सजाय र बिगो बमोजिम जरिवाना हुन र विगो रु.६८,७७,२५०।०४ भराई पाउन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोपपत्र दायर गरिएको छ ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता